नेपाल सरकार

# स्वास्थ्य बीमा बोर्ड

टेकु, काठमाडौं

मितिः-२०७९/११/२९

प.सं.:-२०७९/०८०

च.नं.:- ९३९

**विषयः- उपस्थित भै स्पस्टिकरण पेस गर्ने सम्बन्धमा**

सि.अ.हे.व. छैठौ श्री मोहम्मद फिरोज अली (संकेत नं. १८०१७०)
हाल दर्ता अधिकारी, स्वास्थ्य बीमा बोर्ड जिल्ला सम्पर्क कार्यालय उदयपुर,

त्रियुगा नगरपालिका उदयपुरमा दरबन्दी राखी हाल स्वास्थ्य बीमा बोर्ड जिल्ला सम्पर्क कार्यालय उदयपुरमा दर्ता अधिकारीको रुपमा काजमा कार्यरत (सम्पर्क नं. ९८२२३५०२७३) को तपाई सि. अ. हे. व. छैठौ तहका श्री मोहम्मद फिरोज अली (कर्मचारी संकेत नं. १८०१७०) २०७९/९/११ देखी कुनै सुचना तथा जानकारी बिनानै कार्यालयमा अनुपस्थित हुनुभएको, पटक पटक सम्पर्क गर्दा समेत सम्पर्क बिहिन भै कुनै जिम्मेवारी बोध नगरेको, बोर्डबाट सम्पर्क गर्दा मोबाईल नउठाएको, कुनै रेस्पोन्स/प्रतिक्रिया नदिएको ।

त्यस्तै २०७९ आषाढ मसान्त भित्रमा तपाईले दर्ता सहयोगीमार्फत बिमितबाट उठेको प्रिमियम रकम रु २१ लाख ८५ हजार एकसय पचास बुझी लिई आफ्नो व्यक्तिगत खातामा जम्मा गरेको बुझिएको र तपाईको व्यक्तिगत खातामा जम्मा गरेको रकम व्यक्तिगत खाताको चेकबाट बोर्डको खातामा जम्मा गर्न भौचर भरी पेश गर्दा बैंकको चेक रिसिव छाप लागेको तर खातामा रकम अभाव भई चेक बाउन्स (फिर्ता) भएको सम्बन्धमा २४ घण्टा भित्र स्पस्टिकरण पेश गर्न २०७९/९/१३ च.नं. ४९५ बाट पत्राचार गरिएकोमा आजको मितिसम्म कुनै प्रतिक्रिया प्रास हुन नसकेको, सोही बिषय बस्तुलाई खुलाई जिल्ला प्रसाशन कार्यालय र जिल्ला प्रहरी कार्यालय उदयपुरलाई पत्राचार गर्दा समेत हालसम्म सम्पर्कमा आईनसकेको मौखिक जानकारी प्रास हुन आएको परिस्थितिलाई समेतलाई दृस्टीगत गरी पुनः यो स्पस्टिकरण पेश गर्न पत्राचार/सुचित गरिएको छ । बोर्डको बैंक खातामा रकम दाखिला नगरी अपचलन गरेको सम्बन्धमा पनि कुनै स्पस्टिकरण प्रास हुन सकेन । बिना जानकारी अनुपस्थित रहेको सम्बन्धमा तपाईलाई नेपाल स्वास्थ्य सेवा ऐन २०५३ को दफा ७४ (१) को (क), (ख) र (ज) बमोजिम कारबाही किन नगर्ने ? कारबाही नगर्नु पर्ने कारण भए पत्र प्रास गरेको वा बोर्डको वेबसाईटमा सुचना प्रकाशन भएको वा दैनिक पत्रिकामा सुचना प्रकासन भएको मितिले ७ (सात) दिनभित्र अपचलन गरेको रकम बैंक दाखिला गरेको प्रमाण तथा बिना जानकारी अनुपस्थित हुनुपर्नाको कारण सहित स्वयं उपस्थित भै जबाफ पेश गर्नुहुन यो सुचना प्रकासन गरिएको छ । तोकिएको समय भित्र जबाफ प्रास हुन नआएमा अपचलन गरेको रकम ब्याज सहित असुल गर्न प्रचलित कानुन बमोजिम प्रक्रिया अगाडी बढाउने र बिना जानकारी अनुपस्थित हुनुभएको सम्बन्धमा नेपाल स्वास्थ्य सेवा ऐन २०५३ को माथि प्रस्तावित दफा बमोजिम कारबाही भै जाने व्यहोरा समेत सुचित गरिन्छ ।

(डा. दामोदर बसौला)
कार्यकारी निर्देसक

**डा. दामोदर बसौला**
**कार्यकारी निर्देशक**

Scanned with CamScanner